# लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

**संवत् २०८१ साल असोज १४ सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** सेवा समूह सञ्चालन गर्ने मन्त्रालय तोक्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** प्रदेश लोक सेवा आयोगमा दरखास्त संकलन र स्वीकृति गर्ने प्रयोजनार्थ खस आर्य समूहलाई परिभाषित गर्ने सम्बन्धमा ।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** लुम्बिनी प्रदेश सरकार, प्रदेश सचिवको रुपमा श्री ईश्वर राज पौडेल (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय), श्री भुपेन्द्र थापा (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय) र श्री भिमार्जुन पाण्डेलाई (भौतिक पूर्वाधार विकास मन्त्रालय) मा कामकाजमा खटाउने ।

४. **आन्तरिक मामिला तथा कानून मन्त्रालय:** प्रदेश राजपत्र तथा कानूनहरुको सम्पादन र प्रकाशन नियमावली, २०८१ स्वीकृति गर्ने।

५. **उद्योग,पर्यटन तथा यातायात मन्त्रालय:** चालु आ.व.का लागि मात्र साविक बमोजिम हुने गरी पर्यटन डिभिजन कार्यालय रुपन्देही र बाँकेको अस्थायी संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने ।

६. **भौतिक पूर्वाधार विकास मन्त्रालय:** विद्यमान जनशक्तिबाटै कार्यालय संचालन गर्ने गरी नवलपरासी (व.सु.प.) जिल्लामा सडक पूर्वाधार विकास कार्यालय स्थापना गर्ने ।

७. हालै भएको अविरल वर्षाका कारण लुम्बिनी प्रदेश लगायत देशका विभिन्न भागमा भएको धनजनको क्षति प्रति दुःख व्यक्त गर्दै मृतकका परिवारजन प्रति हार्दिक समवेदना र घाईतेहरुको शिघ्रस्वास्थ्यलाभको कामना गर्ने र आगामी दिनमा विपदबाट हुने धनजनको क्षति न्यूनीकरण गर्न लुम्बिनी प्रदेशका सम्वद्ध पक्षहरुलाई चनाखो रहन निर्देशन दिने